बैठक संख्या:

आज मिति २०८० साल वैशाख १३ गते बुधवार विहान १०:३० बजे यस घ्याङलेख गाउँपालिकाका अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा निम्न पदाधिकारी, गाउँ सभाका सदस्यहरु तथा कर्मचारीहरुको उपस्थितिमा १३औं गाउँ सभाको बैठक (नीति तथा कार्यक्रम प्रस्तुतीकरण) बसी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | सदस्य | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री सान्ती कुमारी स्याङतान | सदस्य | |
| ५ | श्री गंगामाया कामी | सदस्य | |
| ६ | श्री राम कुमार थिङ | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर थिङ | सदस्य | |
| ८ | श्री रोशन कुमार भ्लोन | सदस्य | |
| ९ | श्री धनमाया थोकर | सदस्य | |
| १० | श्री सान्नानी नेपाली | सदस्य | |
| ११ | श्री तेजलाल थिङ | सदस्य | |
| १२ | श्री टिका नारायण थामी | सदस्य | |
| १३ | श्री निश्चल सुनुवार | सदस्य | |
| १४ | श्री सरिना धोङ | सदस्य | |
| १५ | श्री बेलीमाया कामी | सदस्य | |
| १६ | श्री धन कुमार घोले | सदस्य | |
| १७ | श्री बुद्ध घोले | सदस्य | |
| १८ | श्री अमृत वाईबा | सदस्य | |
| १९ | श्री सालमाया लो | सदस्य | |
| २० | श्री बुधमाया सार्की | सदस्य | |
| २१ | श्री जगत बहादुर मुरी मगर | सदस्य | |

| | | | |
|---|---|---|---|
| २२ | श्री सुकलाल थोकर | सदस्य | |
| २३ | श्री ज्ञान बहादुर सिंजाली मगर | सदस्य | |
| २४ | श्री रमा कुमारी च्याङ्मी | सदस्य | [signature] |
| २५ | श्री गिता कुमारी कामी | सदस्य | |
| २६ | श्री बसन्त नारायण तामाङ | सदस्य | [signature] |
| २७ | श्री पदम बहादुर लो | सदस्य | [signature] |
| २८ | श्री मिठू कुमारी विश्वकर्मा | सदस्य | [signature] |
| २९ | श्री निम बहादुर थामी | सदस्य | [signature] |
| ३० | श्री राम कुमार कार्की | सभा सचिव | [signature] |
| ३१ | श्री सुरेन्द्र कुमार स्याङतान | अधिकृत, सातौं (शिक्षा) | [signature] |
| ३२ | श्री महेन्द्र यादव | सि.अ.हे.ब | |
| ३३ | श्री किशोर कुमार वाईबा | सूचना प्रविधि अधिकृत | [signature] |
| ३४ | श्री मुकेस [redacted]र पुर्वे | ईन्जिनियर | [signature] |
| ३५ | श्री लक्ष्मण दत्त पन्त | सहायक, पाचौं | [signature] |
| ३६ | श्री रुद्र प्रसाद दहाल | लेखा सहायक | |
| ३७ | श्री सुधन थिङ | सहायक,पाचौं | [signature] |
| ३८ | श्री भरतजंग थापा | सहायक, पाचौं | [signature] |
| ३९ | ज्ञानलाल भोलन | सहायक पाचौं वडा सचिव ३ | [signature] |
| ४० | निराजन राना | अ.स. ईन्जिनियर | [signature] |
| ४१ | यज्ञवन्त कार्की | वडा सचिव - १ | [signature] |
| ४२ | चित्र कुमार थिङ | ना.प.स्व.प्र | [signature] |
| ४३ | महन्त कुमार वाईबा | रोजगार संयोजक | [signature] |
| ४४ | श्री हिरा कुमारी पहाडी | उद्यम विकास सहजकर्ता | [signature] |
| ४५ | श्री देबु खड्का | सहायक चौथो | [signature] |
| ४६ | श्री इन्द्रकला थापा | अ. सब ईन्जिनियर | [signature] |
| ४७ | श्री कमला सापकोटा | उद्यम विकास सहजकर्ता | [signature] |

| | | | |
|---|---|---|---|
| ४८ | सोनिका ढकाल | स्टाफ नर्स | Sonika |
| ४९ | सुदिप थापा | कम्प्युटर अपरेटर | [illegible] |
| ५० | प्रकाश खतिवडा | न्यायिक सहजकर्ता | [illegible] |
| ५१ | | | |
| ५२ | | | |
| ५३ | | | |
| ५४ | | | |
| ५५ | | | |
| ५६ | | | |
| ५७ | | | |
| ५८ | | | |
| ५९ | | | |
| ६० | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# घ्याङलेख गाउँपालिका,
# गाउँ सभाको
# १३ औं अधिवेशन
# (नीति तथा कार्यक्रम प्रस्तुतीकरण)
# प्रस्ताव तथा निर्णयहरु
# मिति २०८०।०१।१३

**सभाका प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८०।८१ को लागि नीति कार्यक्रम प्रस्तुतीकरण सम्बन्धमा ।

२. शोक विदा सम्बन्धमा

३. विविध सम्बन्धमा ।

**सभाका निर्णयहरु**

**निर्णयहरु:**

| प्रस्ताव नं. | निर्णयहरु |
|---|---|
| १. | आगामी आर्थिक वर्ष ०८०।०८१ को लागि नीति तथा कार्यक्रम गाउँसभामा प्रस्तुत गरियो । |

घ्याङलेख गाउँपालिका

आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

"स्वास्थ्य, शिक्षा, कृषि र दिगो पूर्वाधार ! घ्याङलेखको समृद्धिको आधार !!"

घ्याङलेख गाउँपालिकाका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँ सभाका सदस्यज्यूहरु, घ्याङलेख गाउँपालिकाको गाउँ सभाको तेह्रौ अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

घ्याङलेख गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभाको वैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस गाउँपालिकाको विकास र समृद्धिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा साथ सहयोग र हौसला प्रदान गर्नुहुने घ्याङलेखवासी आदरणीय आमा बुवा दाजुभाई तथा दिदिबहिनीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

यस घ्याङलेख गाउँपालिकाको विकास र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । घ्याङलेख गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको शिक्षा र स्वास्थ्यमा सहज पहूँच र पर्याप्तता तथा सामाजिक क्षेत्रको स्तर वृद्धिसँगै स्थानीय भाषा, संस्कृतिको संरक्षण, सम्वर्धन र प्रवर्धन गर्नु हाम्रो पहिलो कर्तव्य हुन आएको छ। कृषि, वन पैदावार र प्राकृतिक सम्पदामा आधारित पर्यटन घ्याङलेखको सम्भावनाको पहिलो क्षेत्र हो । दिगो पूर्वाधार विकाससँगै वातावरण संरक्षण र विपद उत्थानसिल संरचना निर्माण हाम्रो लागि अर्को सुधार गर्नुपर्ने क्षेत्र देखिएको छ। यसका साथै सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । विद्युत र बाटोघाटोहरुको विस्तार र स्तरवृद्धिसँगै स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण संरक्षण गरी घ्याङलेख गाउँपालिकालाई वस्नयोग्य ठाउँ बनाउने हाम्रो ध्येय रहेको छ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्धन जस्ता विषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम गाउँपालिकावासी तथा सबै पेशा, व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु।

**आर्थिक बर्ष २०७९/०८० को नीतिको समीक्षा :**

१) घ्याङलेख गाउँपालिकाको प्रथम आवधिक योजना तर्जुमा भई कार्यान्वयनको दोस्रो वर्ष पुरा गरेको छ।

२) गाउँपालिकाको खेलकुद क्षेत्रको विकासको निम्ती विभिन्न वडाहरुमा गरी जम्मा ५ ठाउँमा खेल मैदान निर्माण भएको छ।

३) गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयहरूमा कार्यरत शिक्षकहरुको क्षमता विकास गर्न तालिमहरु संचालन गर्नुका साथै समय समयमा विद्यालयहरुको अनुगमन कार्यलाई निरन्तरता दिदै आइरहेको छ।

४) चालु आ.व मा सङ्घीय सरकारसँगको समन्वयमा २२८० जनालाई कोभिड -१९ बिरुद्धको खोप र ११६ जनालाई बि.सी.जी. खोप, ३६९ जनालाई डि.पि.टी खोप, २२५ जनालाई दादुरा रुबेला खोप लगायत खोपहरु प्रदान गरिएको छ ।

५) विभिन्न किसिमका विपद र सरुवा रोगका विरामीको स्वास्थ्य अवस्थाको निरन्तर निगरानी, परामर्श तथा उपचारको लागि स्वास्थ्य परीक्षण, एम्बुलेन्स संचालन, आइसोलेसन सेवा, कोभिड विशेष अस्पताल सेवा लगायतका सेवाहरु निःशुल्क उपलब्ध गराइएको छ ।

६) समूहमा आबद्ध महिलाहरुलाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन लघुउद्यम विकास कार्यक्रम मार्फत चालु आ.व मा ९३ जनालाई उद्यमशिलता तालिम प्रदान गरिएको छ ।

७) घ्याङलेख गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकहरुमा थप क्षती हुन नदिन तथा तत्काल मर्मत सम्भारका लागि आवश्यक उपकरण, निर्माण सामग्री र जनशक्ति परिचालन गरिएको छ ।

८) चालु आर्थिक वर्षमा ९५ मिटर सडक ढलान, १ कि.मि. ढुंगा छाप्ने कार्य, ५३ कि.मी. मर्मत कार्य, १० कि.मि कच्चि सडक निर्माण कार्य सम्पन्न भएको छ ।

९) चालु आ.वको चैत्र मसान्त सम्ममा ५५२० घनमीटर तारजाली लगाउने कार्य तथा तटबन्ध निर्माण गरिएको छ ।

१०) चालु आ.वको चैत्र मसान्त सम्ममा ७६५घर परिवारमा विद्युत सेवाको पहूच पुगेको छ ।

११) गाउँपालिकाको प्रशासकीय भवन निर्माणाधिन रहेको छ भने आफ्नै वडा भवनबाट सेवा प्रवाह गर्ने उद्देश्यले वडा कार्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिई चालु आर्थिक बर्षमा वडा नं. ५ को भवन निर्माण कार्य अन्तिम चरणमा रहेको र वडा नं. ४ को भवनको तला थप्ने कार्य भइरहेको छ ।

१२) घ्याङलेख गाउँपालिकाको आफ्नै लोगो तथा नेपाली र तामाङ भाषाको पालिका गीत निर्माण गरी मातहतका सबै सरकारी कार्यालयहरुमा प्रयोगमा ल्याइएको छ ।

१३) घ्याङलेख गाउँपालिकाको वडा नं. ३ र वडा नं. ५ मा मन्दिर निर्माण गर्नुका साथै वडा नं. २ र वडा नं. ३ मा गुम्बा र वडा नं. २ मा चर्च निर्माणको लागि पालिकाले आर्थिक सहयोग प्रदान गरेको छ ।

१४) स्थानीय कानुनका रुपमा गाउँपालिकाले हालसम्म जारी गरेका ३१ वटा ऐन र १६० वटा नियम, कार्यविधि, निर्देशिका, मापदण्डमध्ये चालु आर्थिक बर्षमा १० वटा ऐन र ६८ वटा कार्यविधि निर्देशिका जारी गरिएको छ ।

१५) सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा सूचना अधिकारी तोकी सूचना प्रवाह भइरहेको छ ।

मिलु

१६) करदाताहरुबाट कर संकलन गर्न क्यू.आर कोड र राजस्व सफ्टवेयरको प्रयोग गरिएको छ। यस प्रणालीमा करिब १९६२ जना करदाताहरुको बिवरण सुरक्षित गरिएको छ। सम्पत्ती कर, व्यवसाय कर, बहाल कर जस्ता करहरु अनलाइन प्रणालीबाट संकलन गर्न सकिने व्यवस्था मिलाइएको छ।

अब म घ्याङलेख गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को नीति र कार्यक्रम यस गाउँ सभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

घ्याङलेख गाउँपालिकाको दीर्घकालिन सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछन् ।

**(क) सामाजिक विकास क्षेत्र**

**स्वास्थ्य तथा पोषण**

१. आधारभूत स्वास्थ्य सेवालाई गाउँपालिकाबासीको मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकास्तरीय स्वास्थ्य नीति निर्माण गरिनेछ।

२. स्वास्थ्य सेवालाई थप सुदृढ र नागरिकमैत्री बनाउन गाउँपालिकामा एक जना एम.वि.वि.एस डाक्टरको व्यवस्था गरिनेछ।

३. उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई स्रोत, साधन र सेवाको मूल्यांकनको आधारमा पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ।

४. स्वास्थ्य स्वयंसेविकाको सेवा प्रवाह सहजीकरणका लागि प्रत्येक स्वयं सेविकालाई हेल्थ किट उपलब्ध गराईनेछ।

५. आर्थिक रुपमा विपन्न नागरिक तथा जेष्ठ नागरिकहरुको स्वास्थ्य उपचारका लागि संचालित स्वास्थ्य विमा कार्यक्रमलाई थप विस्तार गरि स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ।

६. गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईको भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गर्दै औषधि लगायत स्वास्थ्य तथा सुरक्षा सामाग्रीहरुको पर्याप्त व्यवस्था गरी स्वास्थ्य सेवालाई सुदृढ गरी निशुल्क स्वास्थ्य जाँच तथा औषधि वितरणको व्यवस्था मिलाईने छ।

७. **"स्वस्थ जीवन स्वच्छ आहार, हरेकबार खाना चार"** को अभियान मार्फत पोषण सचेतना अभिबृद्धि कार्यक्रमलाई सबै वडाहरुमा संचालन र विस्तार गरिनेछ।

८. आयुर्वेद चिकित्साको लागि गाउँपालिका भित्र रहेको नागरिक आरोग्य केन्द्रलाई थप सुदृढिकरण गरिनेछ।

९. सुनौलो हजार दिनको अवधारणा अनुरुप गर्भवती तथा सुत्केरी आमाहरुको पोषणको अवस्था सुधार ल्याउन नेपाल सरकारले विनियोजन गरेको बहुक्षेत्रीय पोषणका कार्यक्रमको आधारमा गाउँपालिकाबाट समेत थप बजेट विनियोजन गरी कार्यक्रमलाई प्रभावकारी बनाई संचालन गरिनेछ । गर्भवति महिलालाई सुत्केरी प्रयोजनार्थ नजिकको स्वास्थ्य संस्थामा लैजान दिइदै आएको निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था मिलाईनेछ ।

१०. त्रैमासिक रुपमा एक पटक पालिका भित्र विभिन्न स्वास्थ्य संस्थाहरुसंगको सहकार्यमा विशेषज्ञ चिकित्सक सहितको एकिकृत घुम्ती शिविर संचालन गरिने व्यवस्था मिलाईनेछ ।

११. गर्भवती महिला पहिचान गरि झण्डा व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

१२. आ.ब. ०८०।०८१ मा नेपाल सरकारको सहयोगमा यस गाँउपालिका भित्र १० शैयाको अस्पताल निर्माण कार्य प्रारम्भ गरिनेछ । साथै, अमले र वस्तीपुरमा रहेको स्वास्थ्य चौकि भवन निर्माण कार्य आगामी आर्थिक वर्षभित्र सुरु गरिनेछ ।

१३. वस्तीपुर र शान्तेश्वरी स्वास्थ्य चौकीमा ५ वेड सहितको २४ सै घण्टा उपचार सेवा प्रदान गर्ने गरी विशेष व्यवस्था मिलाइनेछ ।

१४. पालिका भित्र रहेको ल्यावलाई स्तरोन्नती सँगै जनशक्ति व्यवस्थापन गरी एक्सरे मेशिन संचालनमा ल्याइनेछ ।

१५. जटिल प्रकृतिका स्वास्थ्य समस्या भई बाहिर उपचारका लागि लैजानुपर्ने बिरामीको हकमा गाउँपालिकाले सम्बन्धित निकायहरुमा सहजीकरण गर्नेछ ।

**शिक्षा, भाषा, कला तथा साहित्य**

१६. स्थानीय भाषा, कला, र इतिहासलाई केन्द्र बिन्दुमा राखी स्थानीय संस्कृति सम्वर्द्धनका कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिनेछ ।

१७. गाउँपालिका भित्र साहित्यको उत्थानको लागि साहित्यकारहरुको पहिचान गरी प्रोत्साहन गरिनेछ । यसको लागि गाउँपालिकास्तरीय साहित्यिक गतिविधि संचालनमा ल्याइनेछ ।

१८. "घ्याङलेखको चिनारी स्थानीय पाठ्यक्रम" को आधारमा कक्षागत पाठ्यपुस्तक निर्माण गरी स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिनेछ । कक्षा १-५ सम्म स्थानीय भाषामा पठनपाठन गराइनेछ ।

१९. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार गर्ने नीतिलाई निरन्तरता दिदै शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र अभिभावकको क्षमता अभिवृद्धि गरिनेछ ।

२०. बाल विकास केन्द्रका सहजकर्ता, सहायक कर्मचारी र विद्यालय सहयोगीलाई नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिक पुग्ने गरी आवश्यक थप रकम प्रदान गरिनेछ ।

२१. गरीब, जेहेन्दार, दलित, पिछडिएका वर्ग, अपाङ्ग आदिलाई छात्रवृत्ति प्रदान गरी अध्ययन पहुँच विस्तार गरिनेछ ।

२२. वैकल्पिक सिकाइ अवस्थाको सिर्जनाका लागि बालबालिका र विद्यालयमा सूचना र प्रविधिको पहुँच अभिवृद्धि गरिनेछ । पठनपाठनमा बढीभन्दा बढी प्रविधिको प्रयोग गरिनेछ ।

२३. दिवा खाजा कार्यक्रम, छात्राहरुलाई सेनेटरी प्याड, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, सिकाइ सामग्रीको प्रयोग जस्ता शैक्षिक समता विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

२४. विद्यार्थीको प्रतिभा विकासका लागि पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

२५. गाउँपालिका भित्र **"एक घर एक स्नातक"** अभियान संचालन गरिनेछ ।

२६. **"घ्याङलेखको छहारी ! शिक्षित छोरी, बुहारी !!"** कार्यक्रमलाई निरन्तरता दिई स्नातक तह र स्नातकोत्तर तह अध्ययनरत पालिका भित्रका छोरी बुहारीलाई प्रोत्साहन गरिनेछ ।

२७. सामुदायिक विद्यालयहरुलाई भौतिक पूर्वाधार बढाउदै वैकल्पिक शिक्षाको लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

२८. आधारभूत विद्यालय उमेर समूहका सम्पूर्ण बालवालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन प्रोत्साहित गरिनेछ ।

२९. सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

३०. किशोर-किशोरी शिक्षा तथा जीवनोपयोगी सीप विकासको माध्यमले विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मुलधारमा ल्याउन अनौपचारिक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

३१. एकीकृत प्रारम्भिक बालविकास योजना तयारी तथा कार्यान्वयन गरिनेछ ।

३२. विद्यार्थी संख्या र भौगोलिक दुरी समेत अध्ययन गरी कम, विद्यार्थी, बढि आर्थिक बोझ भएका विद्यालयहरुलाई गाभ्ने (Merge) कार्यलाई निरन्तरता दिईने छ ।

३३. आधारभूत तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन र प्रमाणिकरणलाई स्तरीय बनाइने छ ।

३४. विद्यालय बाहिर रहेका कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने दर घटाउन कार्यक्रम संचालन गरिनेछ ।

३५. पालिका भित्र नमूना विद्यालय सुधार कार्यविधि बनाई लागु गरिनेछ ।

३६. घ्याङलेख गाउँपालिका अर्न्तगतका सबै सकृय नागरिकहरुमा आधारभूत साक्षरता सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइको अवसर प्रदान गराउदै लगिने छ ।

३७. शिक्षक विद्यार्थी अनुपात मिलान गर्न तिनै तहको सरकारी अनुदान वितरण प्रणाली न्यायोचित गर्दै लगिनेछ ।

३८. आपतकालीन, संकटपुर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न विद्यालय स्तरीय विपद प्रतिकार्य योजना निर्माणमा संस्थागत विकास र सहकार्य गरिनेछ।

३९. प्रधानाध्यापकको कार्यगत मनोवृत्तिलाई उच्च राख्न नियमित प्र.अ.वैठक तथा थप प्रोत्साहन प्रदान गरिनेछ।

४०.अग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराउने विद्यालयलाई थप अनुदान एव अन्य सहयोगकाक्षेत्र पहिचान गरी सहजीकरण गरिनेछ।

४१. यस गाँउपालिका क्षेत्र भित्रको कुनै एक विद्यालयलाई नमूना विद्यालयको रुपमा तोकि आवधिक योजना बनाई सोहि अनुसार स्तरोन्नती, सुधार तथा सहकार्यको माध्यमबाट प्रयास थालनी गरिनेछ।

४२. शिक्षकहरुको क्षमता बढाई गुणस्तरमा सुधार गर्न बहुपक्षिय तालिमको व्यवस्था गरिनेछ।

साथै

- विद्यालयहरुलाई स्तरीकरण गरी प्राप्त नतिजाको आधारमा अनुदान दिने पद्धतीको सुरुवात गरिनेछ।
- सामुदायिक सिकाईकेन्द्रहरुको नविकरण तथा व्यवस्थापन गर्नुका साथै कार्यसम्पादन मूल्यांकन गरी सो को आधारमा थप प्रोत्साहन गर्ने नीति लिईनेछ।
- चालु आ.व.बाट प्राविधिक शिक्षा (कृषि) को पठनपाठन सुरु गरी विद्यार्थिहरुको प्राविधिक शिक्षा प्रतिको आकर्षण बढाउन थप कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गरिनेछ।
- अतिरिक्त क्रियाकलाप मार्फत विद्यार्थिहरुमा सकारात्मक प्रतिशपर्धा गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- Green and Clean र Paper less office को अवधारणालाई मुर्त रुप दिईनेछ।

**खानेपानी, सरसफाई र स्वच्छता**

४३. खानेपानीका श्रोत तथा संरचनालाई समय सापेक्ष सुधार र विस्तार गरिनेछ। ।

४४. दिगो विकासको लक्ष्य नं. ६ अन्तर्गत "एक घर एक धारा" को नीति अवलम्बन गरिनेछ।

४५. गाउँपालिका भित्र सञ्चालन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलाप र कार्यक्रमहरुमा दोहोरोपना हटाउनुका साथै प्रभावकारिता वृद्धि गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार गरी कार्यान्वयनमा ल्याइने छ।

४६. सरसफाइको लागि मानिसहरुको बानी व्यवहारमा आमूल परिवर्तन (Total Behaviour Change) गर्न पालिका क्षेत्रभरि जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

४७. सार्वजनिक क्षेत्रको सरसफाइलाई सुधार तथा पहुँच विस्तार गर्न पालिकाका मुख्य चोक तथा सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गरिदै लगिनेछ ।

४८. संस्थागत सरसफाइ (विद्यालय/बालविकास केन्द्र र मुख्य गरी स्वास्थ्य संस्थाहरुमा) खानेपानी, सरसफाइ र स्वच्छता (साबुन पानीले हात धुने र महिनावारी स्वच्छता) सुविधा सुनिश्चित गर्न आवश्यकता अनुसार निर्माण गर्ने, प्रयोगमा नआएका सुविधालाई मर्मत सम्भार गर्ने र नियमित सेवामा पहुँच सुनिश्चित गर्न सेवा प्रदायक संस्थाहरुलाई पुरस्कारको व्यवस्था गर्ने र समुदाय स्तरमा सरसफाई र स्वच्छता अभियान सञ्चालन गर्न सामाजिक नियमहरु बनाई अभियानको रुपमा लागु गरिनेछ ।

**सामाजिक सुरक्षा/समावेशिकरण/गरिबी निवारण**

४९. लक्षित वर्ग (सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य व्यक्तिहरु) को घरदैलोमा गएर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५०. सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौं भन्ने अभियान सफल बनाउनका लागि सबै वडामा घटना दर्ता शिविर संचालन गरिनेछ ।

५१. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास र लैंगिक हिंसाका घटनाहरु न्यूनीकरणका लागि नीति निर्माण गरी टोल विकास संस्था, सामाजिक संघ संस्था मार्फत कार्यक्रम संचालन गरिनेछ ।

५२. लक्षित समूहलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई क्षमता तथा आर्थिक विकास गर्दै सशक्तीकरणमा जोड दिइनेछ ।

५३. उत्पीडित र सीमान्तकृत वर्ग समुदायलाई विकासको मूलधारमा ल्याउन उपयुक्त कार्यक्रम तर्जुमा गरिनेछ ।

५४. दलित तथा विपन्न समुदायको प्रत्येक क्षेत्रमा समान तथा अनिवार्य सहभागिता वृद्धि गरिनेछ ।

५५. विपन्न घरविहीन गाउँपालिकावासीको लागि गाउँ आवास कार्यक्रम संचालन गरिनेछ ।

५६. लैंगिक विभेदमा परेका र पारिएका वर्गको उत्थानको लागि भाषिक, आर्थिक, सामाजिक समुन्नतिका लागि विशेष प्राथमिकता दिईनेछ ।

५७. सबै वर्गहरुलाई समेट्ने गरि लैंगिक उत्तरदायी बजेट बनाईनेछ ।

५८. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, हिंसा, छुवाछुत गर्ने व्यक्तिलाई तत्कालै कडा कारबाही गरिनेछ । साथै विद्यालय स्तरमा पनि यस सम्बन्धी जनचेतना अभियान सञ्चालन गरिनेछ ।

५९. बाल विवाह, सामाजिक कुरीति, तथा विभेदलाई न्युनीकरण गर्न विद्यालयस्तर र वडा स्तरबाट नै सचेतनामुलक कार्यक्रम गरिने छ ।

६०. उमेर पुगी विवाह गर्ने दम्पतीलाई प्रोत्साहनको कार्यक्रमका माध्यमबाट “विहेबारी बीस वर्ष पारी” अभियान संचालन गरिनेछ ।

६१. बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि तयार गरी लागु गरिने छ ।

६२. सबै वडामा बाल क्लब, बाल अधिकार समिति गठन तथा सबलीकरण गरी परिचालन गरीने छ ।

६३. जोखिममा रहेका, अभिभावक विहीन  वालवालिकाको संरक्षणका लागि सामाजिक सुरक्षा सहायता कार्यक्रम संचालन गर्ने कार्यको थालनी गरिनेछ ।

६४. जेष्ठ नागरिक परिचय पत्र बितरण  तथा सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६५. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरी महिला तथा युवाहरुलाई प्रारम्भिक र एडभान्स जस्ता सीपमूलक व्यवसायिक तालिम प्रदान गरी उद्यमी सिर्जना गरी स्वरोजार बन्न अभिप्रेरित गरिने छ । कृषि उत्पादन र उद्यम, लघु उद्यम विकासको लागि वैंक तथा वित्तीय संस्थाहरुवाट सहुलियत दरमा ऋण उपलब्ध गराउन पहल गरिनेछ ।

६६. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई डिजिटाईजेशन गरी भत्ता वितरण प्रणालीलाई दुरुस्त गरिनेछ ।

६७. सामाजिक व्यवहार परिवर्तनका लागि सूचना तथा संचार अभियान संचालन गरिनेछ ।

**रोजगारी तथा मानव संशाधन विकास**

६८. गाउँपालिका क्षेत्र भित्र रहेका बेरोजगारहरुको सूची बनाई क्रमश उत्पादन मुलक उद्योगमुलक तथा सामाजिक निर्माण कार्यमा परिचालन गर्ने गरी कार्य गरिने छ ।

६९. गाउँपालिका क्षेत्र भित्र कम्तीमा ५०० जनालाई प्रत्यक्ष र २००० हजार जनालाई अप्रत्यक्ष रोजगारी सृजना हुनेगरी संघ, प्रदेश र आन्तरिक श्रोत परिचालन गरिने छ ।

७०. विदेशबाट फर्किएका सीपयुक्त नागरिकहरुको अनुभव, क्षमतालाई परिचालन हुने गरि स्थानीय स्तरमा तथ्यांक संकलन गरी सीप र अनुभवको सदुपयोगका कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिनेछ ।

७१. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको साझेदारीमा विविध जनचेतनामुलक, विकास निर्माण, कृषि, पशुपालन जस्ता कार्यमा सहकार्य गरी स्थानीय बासीलाई संलग्न गराई परिचालन गर्ने नीति लिईनेछ ।

७२. घ्याङलेख गाँउपालिका भित्र वैदेशिक रोजगारीको सिलसिलामा गई अलपत्र परेका नागरिकहरुको उद्‌दार गर्न सम्बन्धीत निकायहरुमा पहल गरिनुका साथै मृत्यु भएका गाँउपालिका भित्रका नागरिकहरुको शव घर ल्याउन विषेश अनुदानको व्यवस्था गरिनेछ ।

**खेलकुद**

७३. पालिका भित्रका सवै वडामा कम्तीमा एउटा आधारभूत खेल मैदानको विकास गरी फुटवल, भलिवल, क्रिकेट, ब्याडमिन्टन, कराते जस्ता खेलकुदलाई प्रोत्साहन गर्न गाउँस्तरीय खेलकुद समितिलाई परिचालन गरी खेलकुद प्रतियोगीताहरु संचालन गरिनेछ ।

७४. युवाहरुलाई खेलकुदमा आकर्षित गर्न अध्यक्ष कप र राष्ट्रपति रनिङ्ग शिल्ड जस्ता खेलकुद प्रतियोगिताहरुलाई निरन्तरता दिइनेछ ।

७५. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने पालिका क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा जित हाँसिल गराउन सहयोग पुऱ्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

७६. गाउँपालिका स्तरीय बहु उद्देश्यीय खेल मैदान निर्माणको लागि जग्गा व्यवस्थापन गर्ने प्रकृया अगाडी बढाइनेछ ।

७७. विद्यालय तथा समुदायबाट खेलाडी पहिचान, सम्मान तथा क्लब दर्ता कार्यलाई निरन्तरता दिई अन्तर वडा स्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ । खेलकुद प्रतियोगिताका माध्यमबाट घ्याङलेखलाई राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा पहिचान गराउने प्रयास गरिनेछ ।

**सामाजिक परिचालन**

७८. लैंगिक तथा घरेलु हिंसा न्यूनिकरण गर्दै हिंसा रहित परिवार/समाज निर्माणका लागि मनोसामाजिक परामर्शकर्ताहरुको प्रभावकारी परिचालन गरिनेछ ।

७९. राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा सहयोगी निकायहरुलाई गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा सामाजिक परिचालनको माध्यमबाट सामाजिक विकासमा संलग्न गराउने नीति अवलम्बन गरिनेछ ।

**न्यायिक नीति**

८०. मेलमिलाप कर्ता, जनप्रतिधिहरुका लागि क्षमता अभिवृद्धिको कार्यक्रम अगाडि बढाइनेछ ।

८१. विवाद निरुपण तथा मेलमिलापको लागि समुदाय स्तरमा कार्यक्रम बनाई लागु गरिने छ ।

८२. मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिने छ ।

८३. कानूनी परामर्शदाताको व्यवस्था गरिनेछ ।

८४. न्यायिक समितिलाई सवल र सक्षम बनाउन सहयोग गरिनेछ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक नीति**

८५. महिला र पुरुषको समान कामको लागि समान ज्यालाको व्यवस्था गरिनेछ ।

८६. महिलाहरुको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा २५ प्रतिशत छुट गरिनेछ । महिला सामुहिक व्यवसाय दर्ता दस्तुर छुटको व्यवस्था गरिनेछ ।

८७. महिलाहरुको विकासको निम्ति आवश्यकता अनुसारका वृत्ति विकास, सीप विकास, क्षमता विकास लगायत रोजगार सिर्जना गर्ने क्षेत्रहरुमा विभिन्न कार्यक्रम आयोजना गरिनेछ ।

८८.जेष्ठ नागरिकहरुको स्वास्थ्य विमा मार्फत उपचार स्थानीयस्तरमा नै उपलब्ध हुने गरी व्यवस्था मिलाईनेछ ।

८९.जेष्ठ, अशक्त नागरिकहरुलाई गाउँपालिका भित्र भएका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य उपचार गराउँदा ल्याव, एक्सरे पूर्ण निशुल्क हुने व्यवस्था मिलाईनेछ ।

९०. असहाय र टुहुरा बालबालिकालाई, अनिवार्य शिक्षाको लागि सबै खाले व्यवस्थापन गरिनेछ ।

९१. बाल विवाह, बाल दुर्व्यसनी र बालश्रम विरुद्ध जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनुका साथै बालबालिकाको हक, अधिकारका विषयमा विद्यालय स्तरमा श्रव्यदृश्य सामग्रीका माध्यमबाट जनचेतना अभिवृद्धि गरिनेछ ।

९२. हिंसामा परेका महिला, बालबालिका, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिकको लागि हेरचाह गृह (सेफ हाउस) निर्माण सम्पन्न गरि संचालनमा ल्याइनेछ ।

**(ख) आर्थिक विकास नीति**

**कृषि तथा पशुपालन :**

९३. बढदो वैदेशिक रोजगारीको परनिर्भरतालाई न्यूनीकरण गर्दै युवालाई कृषि उद्यममा आकर्षित गर्न **"युवाको पौरख-घ्याङलेखको गौरव"** नामक मागमा आधारित कृषि व्यवसायिक उद्यमशिलता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९४. सामुहिक सहकारी खेतिलाई प्रवर्द्धन गर्दै जमिन बाँझो नराख्न अभिप्रेरित गरिनेछ ।

९५. कृषि कार्यको लागी जमिनलाई चक्लाबन्दि गरी एकिकृत कृषि फर्म स्थापना गरी निर्यात गरेमा निर्यात भएको रकमको निश्चित प्रतिशत रकम प्रोत्साहनको रुपमा दिने नीति लिईनेछ ।

९६. अकस्मात रुपमा आई पर्ने महामारी जन्य समस्याहरुलाई मध्य नजर गर्दै आकस्मीक बाली संरक्षण कार्यक्रम मार्फत व्यवसायिक किसानहरुलाई थप प्रोत्साहन गरिदै लगिने छ ।

९७. बालीको उत्पादन र उत्पादकत्व बढाउन माटोको प्राङ्गारिक पदार्थ, अम्लिय र क्षारिय अवस्थालाई परिक्षण गरि वडा स्तरिय माटो शिविर संचालन गरिने छ ।

९८. वडा वडामा अर्गानिक खेती गर्न कृषकलाई प्रोत्साहन गर्ने कार्यको थालनी गरिनेछ ।

९९. कृषि सहकारितालाई प्रोत्साहित गर्दै उत्पादकत्व वृद्धि गर्न सवैखाले सहयोग गरिनेछ ।

१००. पशु नश्ल सुधार कार्यक्रम संचालन गरि आधुनिक उन्नत पशु उत्पादनमा जोड दिदै कृषकहरुलाई दुग्ध तथा मासुजन्य उत्पादन गर्न प्रोत्साहित गरिने छ ।

१०१. उन्नत पशुपालन, पशु विमा, गोठ सुधार जस्ता कार्यक्रमहरुबाट व्यवसायिक किसानहरुलाई थप प्रोत्साहित गरिनेछ ।

१०२. कृषि उपजलाई बजारीकरण गरी किसानको उत्पादनको उचित मूल्य दिन कृषि संकलन केन्द्र स्थापना गरी कृषि बजारको विकास गर्ने कार्यको थालनी गरिने छ ।

१०३. कृषि उत्पादन बढाउने उद्धेश्यका साथ **"उत्कृष्ट किसान, हाम्रो शान"** नारालाई आत्मसात गर्दै उत्कृष्ट (जडिबुटी, तरकारी, फलफूल,पशुपालन) खेती गरी कृषि उत्पादन वृद्धिमा उल्लेखनीय योगदान पुर्‍याउने कृषकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ ।

१०४. कृषकहरुको मनोवल उच्च राख्न घ्याङलेख भरी उत्पादन भएका कृषी उत्पादनहरुको प्रदर्शनी गर्न कृषि उत्पादन मेला आयोजना गरी उत्कृष्ट कृषकलाई पुरस्कार दिने व्यवस्था मिलाईनेछ ।

१०५. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत विकास गरिनेछ ।

१०६. कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ ।

१०७. पशु तथा बाली बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि पशु तथा बालीहरुको बिमा गरि कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

१०८. आ.व.२०८०/०८१ देखि कृषकहरुलाई कृषक परिचय पत्र वितरण कार्यक्रम सुरुवात गरि अनुदानका कार्यक्रमहरुमा परिचय पत्रको आधारमा सहभागी गराइ कार्यक्रम संचालन गरिने छ ।

१०९. परम्परागत कृषि प्रणालीलाई आधुनिकिकरण तर्फ अभिप्रेरीत गर्दै, आवश्यक यान्त्रीकिकरण प्रविधिको उचित व्यवस्थापन मिलाईने छ ।

११०. कृषकका उत्पादित वस्तुहरुको बजारीकरणको सुनिस्चीत गर्दै प्रत्येक वडामा वडा स्तरिय तरकारी संकलन केन्द्र निर्माण गर्दै अन्यत्र निकासीको लागी ढुवानीमा अनुदान सहितको व्यवस्थापन कार्य गरिदै लगिने छ ।

१११. भुगोल, भौगोलिक, हावापानी पहिचानको आधारमा कृषि पकेट क्षेत्र र कृषक समुह, संजाल बनाईने छ ।

११२. कृषि उत्पादित बस्तुको उचित व्यवस्थापनको लागि भण्डारण केन्द्र र चिस्यान केन्द्रको अवधारणा ल्याईनेछ ।

११३. कृषकहरुलाई उचित समयमा नै मल तथा गुणस्तरीय विउ विजन उपलब्ध गराउन, गोदाम घर संचालन गर्न सहकारी मार्फत विशेष कार्ययोजना बनाई कार्य आरम्भ गरिनेछ ।

११४. उपभोग गरी बाँकी रहन गएको कृषी उपज विक्रि वितरण गर्ने प्रयोजनार्थ उचित मुल्य सहितको कृषी उपज खरिद विक्रिमा समन्वयीकरण गरिनेछ ।

११५. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग सहकार्य गरी कृषि तथा पशु क्षेत्रमा जीवन निर्वाहमुखी कार्यलाई निरुत्साहित गर्दै व्यवसायिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११६. खेतियोग्य जमिनलाई बाँजो छोड्ने प्रवृत्तीलाई निरुत्साहित गर्न आवश्यक कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

११७. भुगोल र हावापानीको आधारमा गाउँपालिका क्षेत्रका खेतियोग्य जमिनहरुको वर्गिकरण गरी पकेट क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनेछ ।

**सहकारी, गैहृसरकारी तथा वित्तीय क्षेत्र**

११८. सहकारी संस्थाहरुलाई दर्ता, नियमन, प्रवर्द्धन र विकासमा सहयोग गरिनेछ ।

११९. गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरु संग सहकार्य गरी उत्पादनमूलक कार्यक्रमको लागि लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।

१२०. सहकारी तथा वित्तीय क्षेत्र संग भएको पूँजीलाई उद्यम विकास तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

१२१. गाउँपालिका क्षेत्रमा गठन हुने टोल विकास संस्था लगायतका सामुदायिक संघ संस्थाको कार्य प्रणालीलाई अझ प्रभावकारी वनाई गाउँपालिकाको समग्र विकास प्रकृयामा सहभागी गराईनेछ ।

१२२. सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको आर्थिक एवं सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ ।

१२३. सहकारी संस्थाहरुको माध्यमवाट परम्परागत खेति र पशुपालन प्रणालीलाई विस्थापन गर्दै आधुनिक खेति प्रणालीबाट कृषि उत्पादन बढाउन र उन्नत पशुपालन गरी कृषकहरुको जीवनस्तर उकास्ने कार्यक्रम संचालन गर्न सहयोग गरिनेछ ।

**पर्यटन**

१२४. पर्यटनको सम्भावना बोकेका क्षेत्रहरुको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्ने कार्यको थालनी गरिनेछ ।

१२५. पर्यटनको सम्भावना बोकेका क्षेत्रहरुमा आवश्यक पूर्वाधार निर्माण कार्य लागत साझेदारीमा गर्ने व्यवस्था मिलाईनेछ । साथै होम-स्टे (Home stay) सेवाको लागि वडा नं. २ अन्तर्गत सातदोबाटोमा सम्भाव्यता अध्ययन गर्ने कार्य अनुदान साझेदारीमा अगाडी बढाईनेछ ।

१२६. लाखाङ गुम्वा, सातदोबाटो र फापरचुलीमा पर्यटन गतिविधि आकर्षित गर्ने कार्य प्रारम्भ गरिनेछ । पर्यटन संगै मनोरम चिया बगान स्थापनार्थ सम्भावना बोकेको क्षेत्रको पहिचान गरी अन्य निकायहरुको सहयोगमा शुरुवात गर्ने प्रयास गरिनेछ ।

१२७. आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने कार्यका लागि आवश्यक सूचना, पम्प्लेट, होर्डिङ बोर्ड निर्माण गरिनेछ । साथै सामाजिक सञ्जाल मार्फत व्यापक प्रचार प्रसार गरिनेछ ।

साथै

- आन्तरिक पर्यटन प्रवर्द्धनमा समेत टेवा पुगोस भन्ने उद्देश्यले गाउँपालिकाको वडा नं. २, ३ र ४ को माथिल्लो भेग (लेक साईड)मा व्यवसायिक रुपमा एक हजार वटा घोडा पालन व्यवसाय संचालन गरिनेछ ।

**उद्योग तथा वाणिज्य**

१२८. हरेक वडामा सिस्नु पाउडर उत्पादन तथा प्रशोधन गर्ने, वेत बाँसका सामाग्री उत्पादन गर्ने लगायतका स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गरिने कार्य प्रारम्भ गरिनेछ साथै यस्ता प्रकारका उत्पादीत सामाग्री गाँउपालिका आफैले खरिद गरी अन्यत्र विक्रि गर्ने कार्य प्रारम्भ गरिनेछ ।

१२९. घ्याङलेखमा भएका विविध प्रकारका उत्पादन, फलफुल, सामाग्रीहरु बेचविखन गर्ने प्रयोजनार्थ सिन्धुलीको सदरमुकाममा एउटा **"घ्याङलेख कोशेली घर"** भाडामा लिई संचालनको प्रवन्ध मिलाईनेछ ।

१३०. उद्योग सम्वन्धी प्रशिक्षण तालिम प्राप्त व्यक्तिहरुको सूची तयार गरी अव उपरान्त हुने तालिममा सहभागी हुनेहरुलाई तालिम पश्चत उत्पादन गर्नै पर्ने शर्त राखी तालिममा सहभागी गराइनेछ ।

१३१. उपभोक्ता हित संरक्षणको लागि विद्यालय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ । साथै बजार अनुगमन कार्यलाई प्राथमिकता साथ कार्यान्वयनमा लगिनेछ ।

१३२. व्यापार व्यवसाय दर्ता गर्ने,कर तिर्ने,जनताको कर जनताकै लागि हो भन्ने भावनालाई अभियानको रुपमा संचालन गरिनेछ ।

**(ग) वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति**

**वन वातावरण तथा जलवायु परिवर्तन**

१३३. **"सफा, सुन्दर, हरियालीयुक्त घ्याङलेख"** को अवधारणा अनुरुप यस क्षेत्रमा रहेका मुख्य मार्ग र अन्य सडकको दायाँ वायाँ वृक्षारोपण गरी हरित सडकको रुपमा विकास गरिने छ ।

१३४. जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गैह्र सरकारी संस्था तथा विकास साझेदारसंग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१३५. बालमैत्री, अपांगमैत्री, वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ, हरित पालिकाको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।

१३६. अन्य सरकारी तथा गैह्र सरकारी संघ संस्थासंग सहयोग तथा समन्वय गरी वन, वातावरण, भू-संरक्षण तथा जलवायू परिवर्तन सम्बन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिनेछ ।

**विपद व्यवस्थापन**

१३७. विपदपूर्व तयारी कार्यको लागि प्रतिकार्य योजनाको पूर्ण कार्यान्वयन गरिनेछ ।

१३८. विपदबाट हुने धनजनको क्षतिलाई उचित राहतको व्यवस्था तत्कालै मिलाईनेछ ।

१३९. गाउँपालिकामा विपद सम्बन्धी सामग्री खरिद गरी स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना गरिनेछ ।

१४०. स्थानीय विपद व्यवस्थापन, जिल्ला विपद व्यवस्थापन, प्रदेश विपद व्यवस्थापन, संघीय विपद व्यवस्थापन र राष्ट्रिय विपद जोखिम न्यूनिकरण प्रधिकरणसँग समन्वय गरी विपदलाई न्यूनिकरण गर्न प्राथमिकता दिईनेछ ।

**फोहोरमैला व्यवस्थापन**

१४१. गाउँपालिकाको फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई समेत सहभागी गराई फोहरमैला व्यवस्थापन गरिनेछ ।

१४२. फोहरमैलालाई स्रोतमै न्यूनिकरण गर्न घर घरमा कुहिने र नकुहिने फोहरलाई छुट्टयाई फोहरमैलाको व्यवस्थापन गरिनेछ ।

१४३. फोहोरलाई उचित स्थान (बिलम ाष्मिम क्ष्मभ) पहिचान गरी व्यवस्थापन गर्ने कार्यको शुरुवात गरिनेछ ।

**(घ) पूर्वाधार विकास नीति**

**सडक**

१४४. सोलाभञ्ज्याङ चौकीटार बेलबोट हुँदै रामपुर सम्म जाने सडकलाई बाह्रै महिना संचालन गर्नको लागि प्रदेश सरकारको सहकार्यमा स्तर उन्नति गरिनेछ ।

१४५. सिम्लेपुल देखि हायूटारसम्म कालोपत्रे सडक निर्माण गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखिनेछ । यसरी घ्याङलेखलाई वि.पि राजमार्गसंग जोड्दा यस क्षेत्रको उत्पादन, व्यवसाय तथा जनताको जिवनस्तरमा ठुलो परिवर्तन आउने अपेक्षा लिइएको छ ।

१४६. रामपुर रामभेँडे हुँदै वि.पि राजमार्ग जोड्ने सडकलाई बाह्रै महिना संचालन हुने गरी स्तरउन्नति गरिनेछ साथै संघ र प्रदेश सरकारको सहयोगमा कालोपत्रे गर्न सहकार्य गरिनेछ । साथै रामपुरबाट मरिण जोडने मार्गको स्तरोन्नती गर्न विशेष पहल गरिनेछ ।

१४७. यस गाउँपालिकाले निर्माण गरेको यातायात गुरुयोजना र नेपाल सरकारको नीति अनुसार साँघुरो सडकलाई विस्तार तथा स्तरउन्नति गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

१४८. भौतिक पूर्वाधार खडा गर्दा बालबालिका, महिला, अपाङ्ग र वातावरणमैत्रि संरचना निर्माणमा जोड दिइनेछ ।

१४९. हरेक वडामा कम्तिमा २५ जनाको दरले दक्ष डकर्मी तालिम दिने तथा दक्ष डकर्मीहरुको वडास्तरीय सूचि बनाई तालिम प्राप्त डकर्मीबाट सार्वजनिक निर्माण .गराउने कार्यको थालनी गरिनेछ ।

१५०. उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरि वडास्तरमा नै सम्झौता गराउने, ५ लाख भन्दा मुनिका योजनाहरु वडास्तर बाटै अनुगमन मुल्याङकन तथा भुक्तानीका लागि सिफारिस गर्ने कार्यलाई निरन्तरता दिइनेछ । उपभोक्ता समिति मार्फत हुने सबै कार्य जेष्ठ मसान्त भित्रै सम्पन्न गर्नु पर्ने नीतिगत व्यवस्था मिलाईनेछ ।

१५१. भौतिक पुर्वाधारका निर्माण कार्यलाई कागजात बिहिन (यलष्लिभ) पद्धतिबाट संचालन हुने व्यवस्था मिलाइनेछ ।

१५२. भौतिक पुर्वाधारहरुको गुणस्तरिय परिक्षणको लागि हरेक योजनाको कम्तिमा २ पटक भौतिक रुपमा अनुगमन तथा प्रयोगशाला परिक्षणको लागि आवश्यक औजार उपकरणको प्रबन्ध मिलाईनेछ ।

१५३. गाँउपालिकाको प्राथमिकतामा परेका सार्वजनिक निर्माणका कार्यहरुको डि.पी.आर. गर्ने कार्यलाई निरन्तरता दिई सो अनुरुप प्रदेश सरकार र संघीय सरकारको सहयोगमा सार्वजनिक निर्माण कार्यमा सहकार्य गरिनेछ ।

१५४. नयाँ सडकहरुको चौडाई कम्तीमा ६ मिटरभन्दा कम नहुने गरी कायम गरिने छ ।

१५५. गाउँपालिका मुख्य बजारक्षेत्र तथा आवश्यक स्थानहरुमा प्रतिक्षालय निर्माण गरिनेछ ।

१५६. स्थानीय संस्कृतिलाई प्रवर्द्धन गर्ने उद्देश्यले वडा नं. ३ अन्तर्गत सोलाभञ्ज्याङमा ढ्यांग्रो पार्क निर्माण गरिनेछ ।

**सिंचाई**

१५७. घ्याङलेख गाउँपालिका भित्र निर्माण भएका सिंचाई आयोजनाहरुलाई मर्मत गरि संचालनमा ल्याईनेछ । साथै मागमा आधारित सिंचाई कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ ।

१५८. गाउँपालिका क्षेत्रभित्र रहेका पानीका मुहानहरुको उचित संरक्षण र प्रवर्द्धन गर्नुका साथै सिंचाई र खानेपानीको लागि सम्भाव्यता अध्ययन गरी लिफ्ट प्रणाली प्रयोगको सुरुवात गरिनेछ ।

१५९. गाउँपालिका भित्रका मुख्य कृषि योग्य जमिनहरुमा सम्भाव्यताका आधारमा साना सिंचाई, कुलो, थोपा सिंचाई, सिंचाइ पोखरी, प्लाष्टिक पोखरी आदिको निर्माण तथा मर्मत गरी सिंचाई सुविधा प्रवाह गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

१६०. वृहत सिंचाई योजनाका लागि सम्भाव्यता अध्ययन, डि.पि.आर. तयारी र निर्माणका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

**भवन तथा सहरी विकास**

१६१. राष्ट्रिय भवन आचरसंहिता तथा भवन निर्माण सम्बन्धी मार्गदर्शन बमोजिम गाउँपालिका भित्र भवन निर्माणको लागि नक्सा पास अनिवार्य गरिनेछ । साथै नक्सापासको लागि निशुल्क परामर्शसेवा उपलब्ध गराइनेछ ।

१६२. गाउँपालिका भित्रको घरहरुको अभिलेखिकरण कार्यलाई निरन्तरता दिइनेछ ।

१६३. गाउँपालिका भित्र निर्माण गरिने सबै प्रकारका पक्की भवनहरुलाई अनुगमन गरि सुरक्षित आवासमा जोड दिइनेछ ।

१६४. गाउँपालिका क्षेत्र भित्र छरिएर रहेका वस्ति घरहरुलाई एकिकृत बस्तीका रुपमा स्थानान्तरण कार्यको अध्ययन गरी आगामी वर्षहरुमा कार्यान्वयनमा ल्याइनेछ ।

१६५. गाउँपालिकाका हायुटार, रामपुर र चन्दनपुर बजारलाई व्यवस्थित नमुना शहरको रुपमा विकास गर्न प्रदेश र संघीय सरकारसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ ।

**व्यवस्थित वस्ती विकास**

१६६. समुदायको अग्रसरतामा गरिने बस्ती विकासलाई प्रोत्साहित गर्न प्राविधिक सहयोग प्रदान गरिनेछ ।

१६७. व्यवस्थित बस्ती विकासका लागि छुट्टै गुरु योजना बनाई लागू गरिनेछ ।

१६८. एकिकृत जग्गा विकास योजना तयार गर्न पहल गरी भूमिलाई आवास क्षेत्र, औधोगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू-उपयोग गर्ने नीति लिईने छ ।

१६९. विभिन्न धार्मिक, सास्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक तथा प्राचिन नामहरुको खोजी गरी तिनको पुनर्स्थापना गर्ने, आधिकारिक नामाकरण हुन बाँकी टोल, बस्ती, सडक, मार्ग, चोक, भवन, स्मारकहरुको नामाकरण गर्ने र अन्य निकायबाट नामाकरण गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था मिलाईनेछ ।

**विद्युत तथा वैकल्पिक उर्जा :**

१७०. गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य मुख्य वस्तिहरुमा सडक बत्ती जडान कार्यको थालनी गरिनेछ ।

१७१. गाउँपालिका भित्र विधुतीकरण हुन बाँकी रहेका क्षेत्रमा विद्युत पुऱ्याउनको लागि विशेष पहल गरिनेछ ।

१७२. गाउँपालिका क्षेत्रभित्र विद्युत पुगेको ठाउँमा विद्युतीय चुलो तथा परम्परागत चुलोको प्रयोग भइरहेको घरहरुमा सुधारिएको चुलो प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

(ङ) संस्थागत विकास, सेवा प्रवाह तथा वित्तीय सुशासन :

संस्थागत विकास र सेवा प्रवाह

१७३. गाउँपालिकाले निर्माण गरेका कानूनहरुलाई समसामयिक परिमार्जन गरि सेवा प्रवाहमा चुस्तता ल्याइनेछ । साथै आवश्यक थप कानून निर्माण गर्नको लागि विशेष पहल गरिनेछ ।

१७४. गाउँपालिकालाई गाउँपालिकाको कार्य प्रकृति, कार्यबोध र औचित्यको आधारमा आवश्यक पर्ने जनशक्ती आँकलन गरी कार्य विवरण तथा कार्य विश्लेषणका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि समयानुकुल बनाईनेछ ।

१७५. गाउँपालिका मातहत कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्नका लागि सामुहिक जीवन विमा, दुर्घटना विमा तथा स्वास्थ्य विमा गर्ने गरी व्यवस्था मिलाईनेछ ।

१७६. वडा कार्यालय, स्वास्थ्य चौकी र सार्वजनिक विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी समेतको सहभागितामा अन्तरपालिका अवलोकन भ्रमणको व्यवस्था नमुनाको रुपमा कार्यतालिका बनाई सुरुवात गरिनेछ । यस्तो अवलोकन भ्रमणका क्रममा भ्रमणदलका सदस्यहरुले देखेका राम्रा र सकारात्मक पक्षहरु समेटिएको र तत्कालै गर्न सकिने सुधारका क्षेत्रहरुको पहिचान गरि त्यस्तो प्रतिवेदन गाँउपालिकामा बुझाउनु पर्ने अनिवार्य व्यवस्था गरिनेछ । यसरी प्राप्त सुझावहरुलाई क्रमश कार्यान्वयनमा लगिनेछ ।

१७७. गाउँपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुको उच्च मनोबल राख्नको लागि पदिय जिम्मेवारी एव तह अनुसार सञ्चार खर्च, आवास सुविधाको व्यवस्था मिलाईनेछ ।

१७८. पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागी तालिम आवश्यकता पहिचान ( Training Needs Assessment TNA) गरी आवश्यकता र औचित्यताको आधारमा व्यवस्था मिलाईनेछ ।

आर्थिक सुशासन/वित्तीय सुशासन :

१७९. गाउँपालिका क्षेत्रभित्र राजस्व अभिवृद्धि गर्ने कार्यका लागि विशेष कार्यदल बनाएर राजस्व प्रक्षेपण कार्यलाई सुधार गरिनेछ ।

१८०. जनप्रतिनिधि, कर्मचारी समेतलाई सार्वजनिक खरिदका कानूनी प्रक्रिया, व्यवहारिक विषय लगाएतका विषयमा सघन प्रशिक्षण कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

१८१. गाउँपालिका भित्र महालेखा परिक्षकको कार्यालयले औलाएका बेरुजुमा लगत कट्टा गर्ने तथा बेरुजु फछ्यौंट गर्न विशेष कार्यदल बनाइनेछ । साथै आगामी आर्थिक वर्षमा बेरुजु न्यूनिकरण गर्न आवश्यक प्रशिक्षण कानूनी सुझाव तथा क्षमता अभिवृद्धि कार्य गरिनेछ ।

१८२. आन्तरिक नियन्त्रण प्रणाली तयार गरी अनावश्यक फजुल खर्च हटाउने, खर्चलाई नतिजा सँग आवद्धता गरिने तथा सार्वजनिकीकरण गरिने कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

१८३. गाउँपालिका भित्र संचालित विकास निर्माण तथा सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, मासिक समीक्षा गर्ने, भए गरेको कार्यहरुको वडास्तर र गाउँपालिका स्तरमा आवधिक रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाइनेछ ।

१८४. गाउँपालिका र अर्न्तगतका वडा र स्वास्थ्य संस्थाहरुले गरेका खर्चको विश्वसनीयता, औचित्यता र प्रभावकारीता समेतको परीक्षण गर्न तेस्रो पक्षबाट (स्वतन्त्र संस्था वा निकाय) सामाजिक परीक्षण को व्यवस्था मिलाईनेछ र त्यस्तो परीक्षण प्रतिवेदन सार्वजनिकीकरण गरिनेछ ।

**सूचना, प्रविधि तथा संचार :**

१८५. आगामी आर्थिक वर्षभित्र गाउँपालिकाभित्रका सबै वडा कार्यलयहरु, सार्वजनिक विद्यालयहरु, स्वास्थ्य चौकीहरु तथा अन्य सार्वजनिक कार्यालयहरुलाई सतप्रतिशत इन्टरनेट (optical fibre) युक्त प्रणालीमा आवद्ध गरिनेछ ।

१८६. दुरसञ्चार शिक्षा, प्रविधिमैत्रि अनुगमन तथा अनलाईन मार्फत सेवा प्रवाह गरिने व्यवस्थाको सुरुवात गरिनेछ ।

१८७. गाउँपालिकाको आफ्नै सरभर स्थापना गरेर तथ्याङ्क एकिकृत रुपमा राख्ने कार्यको लागि अन्य निकाय सँग सहकार्य सहयोग स्थापना गरिनेछ ।

१८८. नेटवर्क प्रणालीको स्थापना गरी गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुलाई अन्तर आवद्ध गरिनेछ ।

१८९. गाउँपालिकाका मुख्य सार्वजनिक स्थलहरुमा फ्रि वाईफाइ जोनको व्यवस्था गरिनेछ ।

१९०. गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित गर्न डिजिटल टोकन प्रणालीको व्यवस्था गरिनेछ ।

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष एवं परोक्ष रुपमा अमूल्य सुझाव सल्लाह दिनु हुने र सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बागमती प्रदेश सरकार, संघीय एवं प्रदेश माननीय सदस्य ज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितीका पदाधिकारीहरु, सबै गाउँसभा सदस्यज्यूहरु, राजनीतिक दलका स्थानिय प्रमुख एवं प्रतिनिधीज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु, विषयगत शाखाका कर्मचारीहरु, उद्योगी व्यवसायी, बुद्धिजिवी, नागरिक समाज, संचारकर्मी लगायत सम्पूर्ण घ्याङलेख वासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्न सम्पूर्ण गाउँसभा सदस्यहरुसँग सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद ।**
**जगत बहादुर भोलन**
**अध्यक्ष**
**घ्याङलेख गाउँपालिकाको कार्यालय**
**हायुटार, सिन्धुली बागमती प्रदेश**
**२०८०।०१।१३**

| | |
|---|---|
| २. | घ्याङलेख गाउँपालिका वडा नं. ५ कार्यालयमा कार्यरत सहायक कम्प्युटर अपरेटर खेल कुमार कर्माचार्यको वीर अस्पताल, काभ्रेमा उपचारको क्रममा मृत्यु भएकोले हार्दिक समवेदना प्रकट गर्नुका साथै मिति २०८० बैशाख १४ गते एक दिन गाउँपालिकाभरी शोक विदा दिने निर्णय गरियो । |
| | **विविध सम्बन्धमा छलफल गर्दा** |
| क) | अन्य कार्य / कार्यक्रमहरु गाउँपालिकाको कार्य सञ्चालन पात्रो अनुसार क्रमिक रुपमा संचालन हुनेछन् । |